# गाउँ विकास समितिहरुको न्यूनतम शर्त मापन कार्यविधि, २०६६

# Manual For Assessment of Minimum Conditions (MCs) of VDC 2066

नेपाल सरकार
स्थानीय विकास मन्त्रालय,
स्थानीय निकाय वित्तीय आयोग,
२०६६

# भूमिका

नेपालको अन्तरिम संविधान २०६३ मा स्थानीय स्तरबाट नै मुलुकको शासन व्यवस्थामा जनताको बढी भन्दा बढी सहभागिता प्रवर्द्धन गर्नु, जनतालाई स्थानीय स्तरमा नै सेवा उपलब्ध गराउन, लोकतन्त्रको स्थानीय स्तर देखिनै संस्थागत विकास गर्ने प्रयोजनको लागि विकेन्द्रिकरण तथा अधिकार निक्षेपणका आधारमा स्थानीय स्वायत्त शासनको व्यवस्था हुने उल्लेख गरिएको छ ।

स्थानीय निकायहरु स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ अनुसार संचालन भैरहेका छन् । गाविसहरुको योजना तथा कार्यक्रम संचालन र व्यवस्थापन कार्य गाउँ विकास समिति अनुदान संचालन कार्यविधि अनुसार हुने गरेको छ । स्वायत्त शासन नियमावलीको २७३(घ) मा न्यूनतम शर्त र कार्य सम्पादन सूचकको मूल्याङ्कनको आधारमा स्थानीय विकास मन्त्रालयले स्थानीय वित्तीय आयोगको सिफारिसमा स्थानीय तहमा जाने अनुदान थप घट गर्न सक्ने व्यवस्था गरेको छ । स्थानीय निकायको कार्य सम्पादनको आधारमा केन्द्रिय सरकारबाट विनियोजन हुने वित्तीय श्रोत निर्धारण हुने हुँदा स्थानीय निकायहरुको कार्यसम्पादन परीक्षण गर्न न्युनतम शर्तहरुको मूल्याङ्कन हुन अपरिहार्य भएको छ ।

गाउँ विकास समितिहरु जनताका सबैभन्दा नजिकका राज्यका वैधानिक अंग हुन् । यी समितिहरुले सरकारको प्रतिनिधिको रुपमा स्थानीय जनताका आवश्यकताहरु परिपूर्ती गरी जीवनस्तर उकास्न प्रमुख भूमिका खेल्नु पर्दछ । जनताको न्यूनतम मागहरु प्रभावकारी रुपमा पूर्ति गर्नका लागि केन्द्र सरकारबाट प्रवाह हुने वित्तीय श्रोतले स्थानीय निकायको वित्तीय स्थितिलाई सुदृढ गर्न अर्थपूर्ण योगदान गरेको छ । यस सन्दर्भमा कार्यसम्पादनमा आधारित अनुदान प्रणालीले गा.वि.स.हरुको वित्तीय क्षमता, सांगठनिक कुशलता, व्यवस्थापिकीय स्वरुप एवं, योजना कार्यान्वयनको अवस्थालाई सुदृढ  गर्दछ । गाउँ विकास समितिहरुको न्यूनतम शर्त मूल्याङ्कन कार्यले एकातिर राज्यले विनियोजन गरेको श्रोत र साधनमा स्थानीय जनताको स्वामित्व (Ownership) स्थापना गर्ने, गा.वि.स.हरुको पारदर्शिता, जवाफदेहिता एवं जनसहभागिता बढाउने कार्यमा सहयोग पुग्दछ भने भने अर्को तर्फ गा.वि.स. को व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्न, अनुगमन मूल्याङ्कन गर्न, गा.वि.स मा देखिएका कमी कमजोरीहरु सुधार गर्न र अनुदान रकममा वृद्धि गर्न सहयोग पुग्ने देखिन्छ ।

यस सन्दर्भमा जिविस र नगरपालिकाहरुको न्यूनतम शर्त र कार्यसम्पादन (MCPM) को मूल्याङ्कन प्रकृया संचालन भै रहेको छ । चालु वर्ष देखि आ.व.०६४/६५ मा गा.वि.स.ले गरेका कामको आधारमा नेपाल सरकारले देशभरिका सम्पूर्ण गा.वि.स.हरुको न्यूनतम शर्त मूल्याङ्कन गरी सो को आधारमा अनुदान प्रणाली लागू गर्ने निर्णय गरेको छ । यस प्रयोजनको लागी स्थानीय निकाय वित्तीय आयोगको सिफारिसमा गा.वि.स.हरुको न्यूनतम शर्त मूल्याङ्कन गर्न यो कार्यविधि तयार गरिएको छ । यो कार्यविधि सफलता पूर्वक लागू गर्न सम्बद्ध सबै पक्षहरुको सकारात्मक सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ ।

**बैंशाख, २०६६**

**स्थानीय विकास मन्त्रालय**

# मेरो भन्नु

निक्षेपणमा आधारित विकेन्द्रिकरणको माध्यम द्धारा जनताले स्थानीय तहमा आफूले चाहेको सेवा निश्चित स्थान, समय, गुणस्तर र मूल्यमा प्राप्त गर्न सक्दछन् । नेपालको अन्तरिम संविधान, स्थानीय स्वायत्त शासन ऐन, स्थानीय स्वायत्त शासन नियमावली तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीहरुले विकेन्द्रिकरणको माध्यमद्धारा नै स्थानीय आवश्यकता परिपूर्ति गर्न, लोकतन्त्रको लाभ सबै तह, लिङ्ग, जात, जातिमा समानुपातिक र न्यायिक ढंगबाट पुऱ्याउन, स्थानीय नेतृत्वको विकास गर्न, स्थानीय श्रोत र साधनको अत्युत्तम परिचालन गर्न र स्थानीय तहमा हुने विकासका यावत् कार्यहरुमा वास्तविक जनसहभागिता हासिल गर्न मार्गनिर्देश गरेका छन् । जनताले आफ्नो घरदैलोमा सेवा, सुविधा र सुखः दुःखमा नजिकको सरकारको साथ चाहेको छ । जुन विकेन्द्रिकरणद्धारा मात्र सम्भव छ ।

स्थानीय स्वायत्त शासन नियमाबलीको नियम २७३ "घ" मा स्थानीय निकाय वित्तीय आयोगको सिफारिशमा स्थानीय विकास मन्त्रालयले न्यूनतम शर्त र कार्य सम्पादन सूचक समेतको आधारमा स्थानीय निकायलाई उपलब्ध गराउने अनुदानमा थपघट गर्न सक्ने र उत्कृष्ट कार्य गर्ने स्थानीय निकायलाई पुरस्कृत गर्न सक्ने व्यवस्था गरेको छ । नेपाल सरकारको निर्णय तथा आ.व. ०६३/६४ को बजेट बक्तव्य पछि लगातार स्थानीय निकायको कार्य सम्पादनको आधारमा केन्द्र सरकारबाट प्रवाह हुने अनुदान रकम थपघट गर्ने नीतिगत व्यवस्था रहेको छ । यस सन्दर्भमा सबै जिविसहरु र नगरपालिकाहरुको न्यूनतम शर्त र कार्यसम्पादन सूचकहरुको मापन कार्य भै रहेको छ ।

गाउँ विकास समितिहरु जनताका सबै भन्दा नजिकका स्थानीय सरकार हुन । गाउँ विकास समितिहरुको प्रभावकारी कार्यसम्पादन र जनचाहना बमोजिमको सेवा प्रवाहबाट स्थानीय स्तरको जनताहरुको जीवनस्तरमा सुधार हुने, लोकतन्त्र संस्थागत हुने र स्थानीय नेतृत्वको विकास भई जनसहभागिता समेत बढ्ने तथ्य निर्विवाद छ । जुनसुकै सरकारको प्रभावकारिता जनताको सबैभन्दा नजिकको सरकार र त्यसको कार्यालयको संस्थागत क्षमता विकासबाट हुने निर्विवाद छ । यस अर्थमा गाउँ विकास समितिहरुको कार्य सम्पादनको स्तरको निरन्तर अनुगमन परिक्षण एवं सुधार अत्यन्त आवश्यक छ । यस प्रयोजनको लागि प्रस्तुत "गाउँ विकास समितिहरुको न्यूनतम शर्त मापन कार्यविधी–२०६६" स्थानीय निकाय वित्तीय आयोगको सिफारिशमा स्थानीय विकास मन्त्रालयबाट स्वीकृत गरी चालु आर्थिक वर्षदेखि नै आर्थिक वर्ष ०६४।६५को न्यूनतम शर्त मापन गर्ने गरी लागू गरिएको छ । न्यूनतम शर्तका सूचकहरु यथासम्भव सरल, मापनयोग्य र व्यवहारिक छन् । यी सूचकहरुको मापनद्धारा सबै गाउँ विकास समितिहरुको न्युनतम कार्यसम्पादनको स्तर यथार्थरुपमा बोध हुने र सोही बमोजिम केन्द्रबाट प्रवाह हुने अनुदान रकम निर्भर रहने निश्चित छ ।

न्यूनतम शर्तको मूल्याङ्कन प्रणालीले गाउँ विकास समितिहरुलाई आफूले गर्नु पर्ने कार्यसम्पादनको क्षेत्रमा रहेका कमी कमजोरीहरु पहिचान गरी कानूनको पालना गर्न, क्षमता विकासका कार्यक्रमहरु संचालन गर्न तथा अघिल्लो वर्ष देखापरेका कमी कमजोरीका क्षेत्रमा सुधार गरी कार्यसम्पादनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । यस प्रणालीले मूलतः राम्रो काम गर्ने गाउँ विकास समितिले प्रोत्साहन स्वरुप थप अनुदान पाउने हुँदा कार्यसम्पादनमा आधारित वित्तीय हस्तान्तरण प्रणालीको स्थापना र प्रशोचन क्षमता (Absorptive Capacity)अनुरुप अनुदान प्रदान गर्ने व्यवस्था गर्न योगदान पुऱ्याउँदछ । यो निर्देशिकाको प्रभावकारी कार्यान्वयनले गाउँ विकास समितिहरुको कार्य सम्पादन परिणाममुखी हुने विश्वास गरिएको छ ।

यो कार्यविधि तयार गर्न अथक प्रयास गर्नु हुने सबै कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दै यसको सफल कार्यान्वयनमा संलग्न हुने सबै पक्षहरुको सक्रिय र सकारात्मक सहयोगको अपेक्षा गरेको छु ।

**२०६६ बैशाख**

**कृष्ण प्रसाद देवकोटा**
**सदस्य-सचिव,**
**स्थानीय निकाय वित्तीय आयोग,**
**स्थानीय विकास मन्त्रालय ।**

# विषयसूची

**खण्ड १ प्रारम्भिक** १

१.१ पृष्ठभूमी १
१.२ स्थानीय निकायमा उपलब्ध गराइने अनुदान रकम र न्यूनतम शर्त मापनको आवश्यकता २

**खण्ड २ गाउं विकास समितिको न्यूनतम शर्त मापन कार्यविधि–२०६६** ४

२.१ संक्षिप्त नाम र प्रारम्भ ४
२.२ कार्यविधिको उद्देश्य ४
२.३ कार्यविधिको औचित्व ४
२.४ परिभाषा ५

**खण्ड ३ गाउं विकास समितिको लागि न्यूनतम शर्तका सूचकहरु** ६

३.१ न्यूनतम शर्त ६
३.२ न्यूनतम शर्तका सुचकहरु ६

**खण्ड ४ न्यूनतम शर्तका सूचकहरुको व्याख्या र मापन विधि** ८

**खण्ड ५ न्यूनतम शर्त तथा गुणस्तरीयता मापन विधि** १२

५.१ न्यूनतम शर्त मापन कार्यको व्यवस्थापन र जिम्मेवारी १२
५.२ मापन कार्यको प्रतिवेदन व्यवस्था १२
५.३ मूल्याङ्कन गर्ने सूचनाको समयावधी १२
५.४ न्यूनतम शर्त मापन सम्बन्धी विधिहरु १२
५.५ न्यूनतम शर्त मापन लेखा जोखा कार्यको व्यवस्थापन १४
५.५.१ मूल्याङ्कन कर्ताको योग्यता र अनुभव १४
५.५.२ मूल्यांकनकर्ता छनौट समिति १४
५.५.३ मूल्याङ्कनकर्ता छनौट समितिको कार्य १५
५.६ मूल्याङ्कनकर्ताको काम कर्तव्य र अधिकार १५
५.७ सुपरिवेक्षण समिति १६
५.८ मूल्याङ्कनको नतिजा उपर पुरावलोकन सम्बन्धी व्यवस्था १६
५.९ स्थानीय विकास मन्त्रालय र स्थानीय निकाय वित्तीय आयोगको सचिवालयबाट पुनरावलोकन गरिने १७
५.१० मूल्याङ्कन खर्चको व्यवस्था १७
५.११ न्यूनतम शर्त मापन र पूँजीगत अनुदान १७
५.१२ निर्देशिका बमोजिम हुने १८
५.१३ बाधा अड्काउ फुकाउने अधिकार १८

**अनुसूचीहरु** १९

अनुसूची–१
अनुसूची–२

# खण्ड–१

# प्रारम्भिक

# गाँउ विकास समितिको न्यूनतम् शर्त मापन कार्यविधि

# २०६६

## १.१ पृष्ठभूमि :

नेपालको अन्तरिम संविधान २०६३ को धारा १३९ मा स्थानीयस्तर देखिनै जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने अनुकुल वातावरण बनाई मुलुकको शासन व्यवस्थामा जनताको बढी भन्दा बढी सहभागिता प्रवर्द्धन गर्न र जनतालाई स्थानीयस्तरमा नै सेवा उपलब्ध गराउन तथा लोकतन्त्रको संस्थागत विकास गर्न विकेन्द्रीकरण तथा अधिकार निक्षेपणका आधारमा स्थानीय स्वायत्त शासनको व्यवस्था र धारा १४० मा नेपाल सरकार र स्थानीय निकायबीच जिम्मेवारी र राजस्व परिचालन तथा बाँडफाँडको व्यवस्था उल्लेख गरिएको छ ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले विकेन्द्रीकरणको माध्यमद्वारा सार्वभौमसत्ता सम्पन्न जनतालाई शासन प्रक्रियामा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई प्रजातन्त्रका लाभहरुको उपभोग गर्न सक्ने व्यवस्था गर्ने तथा समाबेशी प्रक्रियाबाट समग्र जनताको सहभागितामा अभिबृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्ने र स्थानीय नेतृत्वको विकास गरी जनताको स्थानीय सरोकारका विषयहरुमा निर्णय गर्न सक्ने गरी स्थानीय स्वायत्त शासन पद्धतिको विकास गर्ने उद्देश्य राखेको छ ।

उक्त उद्देश्य प्राप्त गर्न स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले स्थानीय स्वायत्त शासनका सिद्धान्त तथा नीति निम्न बमोजिम निर्धारण गरेको छ -

(क) स्थानीय स्वायत्त शासनमा स्थानीय निकायहरुलाई सक्षम र प्रभावकारी बनाउन आवश्यक पर्ने अधिकार, जिम्मेवारी र श्रोत साधन निक्षेपण गर्ने ;

(ख) स्थानीय निकायमा स्थानीय जनताको लागि सोच्ने र जवाफदेही बहन गर्न सक्ने संस्थागत संयन्त्र र कार्यगत संरचनाको निर्माण गरी विकास गर्ने ;

(ग) स्थानीय निकायहरुलाई निक्षेपित कार्य गर्दा प्रजातान्त्रिक प्रक्रिया, पारदर्शी व्यवहार, जनउत्तरदायी र जनताको सहभागितामा आधारित नागरीक समाजको स्थापना गर्नेतर्फ उन्मुख गराउने ;

(घ) स्थानीय निकायहरुलाई सुम्पिएको काम कर्तव्य र जिम्मेवारीहरु र जवाफदेही बहन गर्नका लागि आवश्यक पर्ने श्रोत साधनहरु संकलन र परिचालन गर्ने अधिकार सुम्पने ;

(ङ) स्थानीय नेतृत्वको विकास गर्नका लागि स्थानीय निकायहरुलाई आफ्नो क्षेत्रमा जनताप्रति उत्तरदायी बनाउन प्रभावकारी संयन्त्रको व्यवस्था गर्ने, र

(च) दिगो विकासका लागि आधारभूत सेवा प्रदान गर्ने कार्यमा स्थानीय स्वायत्त शासनमा निजी क्षेत्रलाई सहभागी हुन प्रोत्साहित गर्ने ।

स्थानीय निकायको सबभन्दा तल्लो तहमा रही गाउँ विकास समितिहरुले जनताको सबैभन्दा नजिकको सरकारको रुपमा आम जनतालाई प्रजातान्त्रिक अभ्यासमा सहभागी गराउने, विकास कार्यक्रमहरु संचालन गर्ने र आधारभूत सेवाहरु प्रदान गर्दै आउनुका अतिरिक्त गाउँमा विकास कार्यक्रमहरु संचालन गर्ने, विकास कार्यक्रमहरुको अनुगमन, मूल्याङ्कन तथा समन्वय गर्ने, विकास सम्बन्धी केन्द्रीय सरकारले तोकेका Agency Functions सम्पादन गर्न र गाउँ स्तरीय विकास योजना तथा नीतिहरु पारीत गर्ने कार्य गर्दै आएका छन् ।

यस्ता कार्यहरु सम्पादन गर्नको लागि हरेक गाउँ विकास समितिहरुलाई नेपाल सरकारले आ.व. २०६५/६६ देखि न्यूनतम् रु. १५ लाख र बढीमा रु.३० लाख रुपैया शुत्रका आधारमा अनुदानको रुपमा उपलब्ध गराउँदै आएकोछ । यसका साथै गा.वि.स.लाई विभिन्न क्षेत्रमा कर, शुल्क, दस्तुर आदि उठाउन सक्ने अधिकार पनि ऐनद्वारा सुनिश्चित गरिएको छ । यसरी प्राप्त आम्दानीबाट जनतालाई कम खर्चमा, उपयुक्त समयमा, आवश्यक भए अनुरुपको मात्रामा गुणस्तरीय सेवा सुविधा समेत उपलव्ध गराउनु गाउँ विकास समितिको कर्तव्य भित्र पर्दछ । यस सन्दर्भमा श्रोत साधनको समूचित–व्यवस्थापन तथा त्यस्तो कार्यको सार्वजनिक जवाफदेहिता तथा पारदर्शिता समेतलाई ध्यान दिनु आवश्यक देखिन्छ ।

## १.२ स्थानीय निकायमा उपलव्ध गराइने अनुदान रकम र न्यूनतम शर्त मापनको आवश्यकता :

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २३६ मा प्रत्येक वर्ष नेपाल सरकारले स्थानीय निकायलाई तोकिएको न्यूनतम् अनुदान उपलब्ध गराउनुको अतिरिक्त सम्बन्धित स्थानीय निकायको जनसंख्या, विकासको स्तर, राजस्व परिचालन गर्न सक्ने संभाव्यता र क्षमता, वित्तीय साधनको आवश्यकता, आय-व्ययको नियमित अभिलेखन कार्य, लेखापरीक्षणको स्थिति, आर्थिक अनुशासनको स्थिति जस्ता आधारमा अनुदान रकम उपलब्ध गराउन सक्ने व्यवस्था गरेको छ ।

यसै गरी स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २७३घ बमोजिम स्थानीय निकाय वित्तीय आयोगको सिफारिस समेत लिई स्थानीय विकास मंत्रालयले न्यूनतम् शर्त र कार्य सम्पादन सूचक समेतका आधारमा स्थानीय निकायको मूल्याङ्कन गरी स्थानीय निकायलाई दिइने अनुदानमा थपघट गर्न र उत्कृष्ट कार्य गर्ने स्थानीय निकायलाई पुरस्कृत गर्न सक्ने व्यवस्था गरेको छ । यस व्यवस्थालाई कार्यान्वयन गराउने अग्रसरताको लागि नेपाल सरकारको आ.व. ०६३/०६४ को बजेट बक्तव्यमा नेपाल सरकारले स्थानीय निकायलाई उपलब्ध गराइने गरिएको सःशर्त तथा निःशर्त अनुदानलाई व्यवस्थित गरी स्थानीय श्रोत परिचालन बढाउन र प्राप्त साधनको प्रभावकारी उपयोग गर्न बढावा दिने उद्देश्यले स्थानीय निकायको कार्य सम्पादनको आधारमा अनुदान घटबढ गर्ने नीति अवलम्बन गरेको छ ।

उपरोक्त कानूनी तथा नीतिगत व्यबस्थाको पृष्ठभूमिमा कार्य सम्पादनमा आधारित अनुदान (Performance-based Funding) प्रणालीलाई कार्यान्वयनका लागि नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०६३/८/११ को निर्णयबाट स्थानीय निकायलाई प्रदान गरिने अनुदान र राजस्व बाँडफाँडको निमित्त

न्यूनतम् शर्त र कार्य सम्पादन मापदण्ड (Minimum Conditions and Performance Measures-MCPM) तयार पारी सो को अध्ययन अनुगमन तथा मूल्याङ्कन गर्ने एवं यसको आधारमा स्थानीय निकायमा जाने अनुदानको अंक निर्धारण गर्ने विषय स्थानीय निकाय वित्तीय आयोगको कार्यक्षेत्रमा समावेश गरिएको छ।

यसै सन्दर्भमा आ.व.२०६३/६४ लाई आधार मानी आ.व. २०६४/६५ मा सबै जिल्ला विकास समितिहरुको न्यूनतम् शर्त र कार्य सम्पादन मूल्याङ्कन गरी मूल्याङ्कनका आधारमा अनुदान थपघट गर्ने कार्य स्थानीय निकाय बित्तीय आयोगको शिफारिसमा नेपाल सरकारले कार्यान्वयनमा समेत ल्याईसकेको छ। यस्तो मूल्याङ्कनगर्दा कार्यबिधि बमोजिम न्यूनतम् शर्त र कार्य सम्पादन मूल्याङ्कनका आधारमा उत्कृष्टता प्राप्त गर्ने जिल्ला विकास समितिहरुलाई पुरस्कृत समेत गरिएकोछ । यस प्रणालीले स्थानीय निकायहरुलाई कार्यसम्पादन क्षेत्रमा रहेका कमी कमजोरीहरु पहिचान गरी क्षमता विकासका कार्यक्रमहरु संचालन गर्न तथा अघिल्लो वर्ष देखिएका कमी कमजोरीहरुलाई सुधार गर्न अभिमूख गरी कार्यसम्पादनमा सहयोग प्रदान गरेको देखिएको छ। यस प्रणालीले मूलतः राम्रो काम गर्ने स्थानीय निकायले प्रोत्साहन स्वरुप थप अनुदान पाउने हुँदा कार्यसम्पादनमा आधारित वित्तीय हस्तान्तरण प्रणाली स्थापना र क्षमता अनुरुप अनुदान प्रदान गर्ने व्यवस्था गर्न योगदान पुऱ्याएकोछ । साथै यसले कार्यसम्पादनको क्षेत्र अनुसार कमी कमजोरी देखिएका क्षेत्रको पहिचान गरी क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न समेत सहयोग गरेकोछ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा यससंग सम्बन्धित नियमहरु र नेपाल सरकारका नीति तथा निर्देशिकाले सुम्पेका कार्यहरु गाउँ विकास समितिहरुले के कसरी सम्पादन गर्दै आएका छन् भन्ने कुरालाई गाउँ विकास समितिमा जाने अनुदानसँग आवद्ध गर्नु आवश्यक देखिएको छ। यसैगरी स्थानीय विकास मन्त्रालयबाट संचालित स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) बाट गाविसहरुमा जाने थप अनुदान गाविसहरुकोलागि तोकिएका न्यूनतम् शर्तका आधारमा उपलब्ध गराउने व्यवस्था गरिएको छ। यस सन्दर्भमा गाउँ विकास समितिहरुले अनिवार्य रुपमा पूरा गर्नु पर्ने न्यूनतम् शर्त (Minimum Conditions) का सूचकहरु निर्धारण गरी सो पूरा गरे नगरेको आधारमा गाउँ विकास समितिमा जाने उक्त अनुदानलाई आवद्ध गर्न स्थानीय विकास मन्त्रालयले गाउँ विकास समितिहरुको न्यूनतम् शर्त मापन कार्यविधि-२०६६ तयार पारेको छ।

यो कार्यविधि अनुसार सम्बन्धित जिल्ला विकास समितिहरुले गाँउ विकास समितिहरुको न्यूनतम शर्त मापन सम्बन्धि कार्यक्रम संचालन गरी सो को प्रतिवेदन स्थानीय निकाय वित्तिय आयोगको सचिवालयमा पठाउनु पर्नेछ। उक्त मूल्याङ्कनको नतिजाको आधारमा तोकिएको संख्यामा न्यूनतम शर्तहरु पुरा गर्ने गाविसहरुले LGCDP बाट थप अनुदान प्राप्त गर्न योग्य ठहरिनेछन्।

# खण्ड-२
# गाँउ विकास समितिको न्यूनतम् शर्त मापन कार्यविधि
# २०६६

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७३घ बमोजिम स्थानीय निकाय वित्तीय आयोगको सिफारिस समेतको आधारमा स्थानीय निकायलाई दिइने अनुदान थपघट गर्न सकिने प्रावधानलाई गाउँ विकास समितिहरुको हकमा पनि कार्यान्वयनमा ल्याउने नेपाल सरकारको नीति बमोजिम स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमबाट गाविसलाई उपलब्ध गराइने थप अनुदानलाई स्थानीय विकास मन्त्रालयले न्यूनतम् शर्तका सूचक समेतको आधारमा मूल्याङ्कन गरी यस्तो अनुदानमा थपघट गर्न र उत्कृष्ट कार्य गर्ने गाउँ विकास समितिहरुलाई दिइने अनुदानमा प्रोत्साहन स्वरुप थप अनुदान निर्धारण गर्न सक्ने व्यवस्था लागू गर्न गराउन आवश्यक भएकोले यो कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

## २.१ संक्षिप्त नाम र प्रारम्भ

१. यो कार्यविधिको नाम " गाउँ विकास समितिको न्यूनतम् शर्त मापन कार्यविधि, २०६६" रहेको छ ।

२. यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

## २.२ कार्यविधिको उद्देश्य

गाउँ विकास समितिसंग सम्वन्धित ऐन, नियम तथा नेपाल सरकारका नीति, कार्यक्रम, निर्देशिका तथा मार्गदर्शन बमोजिम गाउँ विकास समितिले पूरा गर्नु पर्ने जिम्मेवारी पूरा गरे नगरेको विश्लेषण गर्ने तथा गाविसहरुलाई सेवाग्राहीप्रति बढी उत्तरदायी, जिम्मेवार र जवाफदेही बनाउन अनुदान तथा अन्तरसरकारी वित्तीय हस्तान्तरणलाई गाविसको कार्यसम्पादनसंग आवद्ध गराउने उद्देश्यले यो कार्यविधि तयार गरिएको हो ।

## २.३ कार्यविधिको औचित्य

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७३घ ले स्थानीय निकाय वित्तीय आयोगलाई गाउँ विकास समितिहरुको प्रत्येक आर्थिक बर्षको न्यूनतम् शर्त मूल्याङ्कन गरी नतिजा सहित गाउँ विकास समितिहरुलाई प्रदान गरिने अनुदान थपघट गर्न र उत्कृष्ट कार्य गर्ने गाउँ विकास समितिहरुलाई पुरस्कृत गर्ने व्यवस्था भएवमोजिम गाविसहरुले न्यूनतम् रुपमा गर्नुपर्ने कार्यहरुको मूल्यांकन गरी अनुदान प्रणालीलाई बढी पारदर्शी, व्यवस्थित उत्पादनमूलक र कार्यसँग आवद्ध गर्ने उद्देश्यले यो कार्यविधिको निर्माण गरी लागू गरिएको हो ।

## २.४ परिभाषा

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

(क) "कार्यविधि" भन्नाले "गाउँ विकास समितिको न्यूनतम् शर्त मापन कार्यविधि, २०६६" सम्झनुपर्दछ ।

(ख) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ सम्झनुपर्दछ ।

(ग) "नियमावली" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ सम्झनुपर्दछ ।

(घ) "आर्थिक प्रशासन नियमावली" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ सम्झनुपर्दछ

(ङ) "गाउँ विकास समिति" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १२ वमोजिम गठित गाउँ विकास समिति सम्झनुपर्दछ ।

(च) "जिल्ला विकास समिति " भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५को दफा १७६ बमोजिम गठित जिल्ला विकास समिति संझनु पर्दछ ।

(छ) "आयोग" भन्नाले स्थानीय निकाय वित्तीय आयोगलाई सम्झनु पर्दछ ।

(ज) "मन्त्रालय" भन्नाले स्थानीय विकास मन्त्रालयलाई सम्झनु पर्दछ ।

(झ) "स्थानीय विकास अधिकारी" भन्नाले जिल्ला विकास समितिको सचिवको समेत काम गर्ने स्थानीय विकास अधिकारीलाई सम्झनुपर्दछ ।

(ञ) ''न्यूनतम् शर्त'' भन्नाले गाउं विकास समितिले स्थानीय स्वायत्त शासन ऐन तथा अन्तरगतका नियमावलीहरु तथा नेपाल सरकारका नीति, नियम, निर्देशिका एवं मार्गदर्शनमा उल्लेख भएका गाउँ विकास समितिसंग सम्बन्धित खण्ड ३ र ४ मा उल्लेख भएका सूचकहरुलाई बुझाउँदछ

(ट) ''सदस्य सचिव'' भन्नाले स्थानीय निकाय वित्तीय आयोगको सदस्य सचिवलाई बुझाउँदछ ।

(ठ) ''सचिवालय'' भन्नाले स्थानीय निकाय वित्तीय आयोगको सचिवालयलाई बुझाउँदछ ।

(ड) "आर्थिक वर्ष" भन्नाले श्रावण एक गतेबाट सुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनुपर्दछ ।

(ढ) "चालू आ.व." भन्नाले मूल्याङ्कन गर्न टोली खटिएको आ.व.लाई जनाउछं ।

(त) "गत आ.व. " भन्नाले मूल्याङ्कन कार्य गरिने बर्ष (चालू आ.व.) भन्दा अघिल्लो आ.व. लाई जनाउदछ ।

(थ) "गत आ.व. को अघिल्लो आ.व." भन्नाले चालू आ.व. भन्दा दुई बर्ष अघिल्ला आ.व. लाई जनाउदछ ।

(द) ''गा.वि.स.सचिव'' भन्नाले गाउं विकास समितिको सचिव सम्झनु पर्छ ।

(ध) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले स्थानीय विकास मन्त्रालयवाट समय समयमा जारी गरिएको निर्देशन परिपत्र सम्झनु पर्दछ ।

(न) "सर्म्पक व्यक्ति (Focal Person)" भन्नाले सम्वन्धित जिल्ला विकास समितिमा गाउँ विकास समितिको न्यूनतम् शर्त मूल्यांकनको कार्य गर्न जिम्मेवारी पाएको सम्पर्क व्यक्ति सम्झनुपर्दछ ।

# खण्ड-३

# गाँउ विकास समितिको लागि न्यूनतम्  शर्तका सूचकहरु

## ३.१ न्यूनतम् शर्त (Minimum Conditions)

स्थानीय निकाय अन्तर्गतको गाउँ विकास समिति जनताको ज्यादै नजिकको संस्था भएकोले जनताको दैनिक क्रियाकलाप तथा सेवा प्रदान कार्यमा यो निकाय प्रत्यक्ष सहभागी तथा संलग्न हुने गरेको छ । गाविसवाट सम्पादित हुने कार्यले सरकारप्रतिको जनताको धारणा प्रकट हुने भएकोले यी निकायको कार्यमा एकरुपता, पारदर्शिता, उत्तरदायित्व तथा कार्य दक्षता हुन जरुरी छ । यसै सन्दर्भमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ स्थानीय स्वायत्त शासन नियमावली, २०५६ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ गाउँ विकास समिति अनुदान संचालन कार्यविधि २०६५, सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि-२०६५ सहितका विविध व्यवस्थाहरुका आधारमा गाउं विकास समितिले सम्पादन गर्नुपर्ने कार्यक्षेत्रलाई आधार मानी न्यूनतम्  शर्तका सूचकहरु तयार पारिएको छ ।

न्यूनतम्  शर्त परीक्षण गर्नका लागि ११ वटा सूचकहरु समावेश गरिएका छन् । तर निर्वाचित जनप्रतिनिधि नभएको वर्तमान अवस्था र मूल्याङ्कनको नतिजाले अनुदान वितरणमा तत्काल असर पार्ने हुँदा आ.व.०६४/६५ को न्यूनतम् शर्त परीक्षणको लागि जम्मा पाँचवटा सूचकहरु मात्र कार्यान्वयनमा ल्याइएको छ । आ.व.०६५/६६ को न्यूनतम्  शर्त परीक्षणको लागि आठ वटा सूचकहरु र आ.व.०६६/६७ को न्यूनतम् शर्त परीक्षणको लागि एघार वटै सूचकहरु कार्यान्वयनमा आउने छन् । न्यूनतम्  शर्तका यी सूचकहरुलाई सबै गाउं विकास समितिहरुले अनिवार्य रुपमा पूरा गर्नु पर्ने छ । यसै मूल्याङ्कनका आधारमा स्थानीय निकाय वित्तीय आयोगको सिफारिसमा नियमावलीको २७३घ बमोजिम गाउँ विकास समितिलाई दिइने अनुदानमा थपघट गरिनेछ ।

न्यूनतम्  शर्तका कुनै एक सूचक पनि पूरा गर्न नसकेमा त्यस्ता गाविसलाई नेपाल सरकारबाट प्रदान गरिने थप अनुदान प्राप्त हुनेछैन । साथै न्यूनतम्  शर्त पूरा नभएमा सम्बन्धित जिम्मेवार पदाधिकारी, गाविस सचिव र सम्वन्धित अन्य कर्मचारीहरु समेत जवाफदेही बन्नु पर्नेछ । न्यूनतम् शर्तका सूचकहरुको विवरण निम्नानुसार रहेको छ .

## ३.२ न्यूनतम् शर्तका सूचकहरु

१) गत आर्थिक वर्षको वार्षिक योजना, कार्यक्रम तथा बजेट गाउँ परिषद्बाट स्वीकृत भएको हुनुपर्ने ।

२) गा.वि.स. बाट गत आ.व.मा संचालित कार्यक्रम तथा आयोजनाहरुको वार्षिक समीक्षा गरेको हुनुपर्ने । *(नोटः यो सूचक आ.व. २०६५।६६ को न्यूनतम्  शर्त मापन गर्दा लागू हुनेछ । )*

३) गाँउ विकास समितिले गत आ.व. मा गा.वि.स अनुदान (पूँजीगत) को कम्तिमा ९० % रकम निकासा लिएको हुनुपर्ने ।

४) केन्द्रवाट गाविसमा प्राप्त पुँजीगत अनुदान रकममध्येबाट गाविस अनुदान संचालन कार्यविधिले तोके वमोजिमको न्यनूतम रकम लक्षित वर्गलाई विनियोजन गरेको हुनुपर्ने ।
*(नोटः यो सूचक आ.व. २०६६/६७ को न्यूनतम् शर्त मापन गर्दा लागू हुनेछ । )*

५) गाविसले गत आ.व.को आय, व्ययको विवरण सार्वजनिक गरेको हुनु पर्ने ।
*(नोटः यो सूचक आ.व. २०६५/६६ को न्यूनतम् शर्त मापन गर्दा लागू हुनेछ । )*

६) गाविसले गत भन्दा अघिल्लो आर्थिक वर्षको आर्थिक कारोबारहरुको अन्तिम लेखा परीक्षण गराएको हुनु पर्ने ।

७) गाँउ विकास समितिले आफनो आन्तरिक आयको अभिलेख तथा विवरण तयार गरेको हुनुपर्ने ।
*(नोटः यो सूचक आ.व. २०६५/६६ को न्यूनतम् शर्त मापन गर्दा लागू हुनेछ । )*

८) गाविसले आफ्नो चल, अचल तथा जिन्सी सम्पत्तिको लगत तयार गरेको हुनुपर्ने ।
*(नोटः यो सूचक आ.व. २०६६/६७ को न्यूनतम् शर्त मापन गर्दा लागू हुनेछ । )*

९) गाविसले प्रत्येक आ.व.मा सामाजिक सुरक्षा वापतको भत्ता पाउने व्यक्तिहरुको विवरण अद्यावधिक गरेको हुनुपर्ने ।

१०) व्यक्तिगत घट्ना दर्ताको अभिलेख राखेको र सो को प्रतिवेदन सम्वन्धित जिल्ला विकास समितिमा पेश गरेको हुनु पर्ने ।

११) गाविसले आफ्नो गाविसको वस्तुस्थिति विवरण (Village Profile) बनाएको हुनुपर्ने ।
*(नोटः यो सूचक आ.व.०६६/६७ को न्यूनतम् शर्त मापन गर्दा लागू हुनेछ । )*

# खण्ड-४

# न्यूनतम् शर्तका सूचकहरुको व्याख्या र मापन विधि

### *(१) गत आर्थिक वर्षको वार्षिक योजना, कार्यक्रम तथा बजेट गाउँ परिषद्‌बाट स्वीकृत भएको हुनुपर्ने ।*

**सूचकको व्याख्या**

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २६ (१) (क) र दफा ४३ (१) बमोजिम गत आर्थिक वर्षको वार्षिक योजना, कार्यक्रम र बजेट गाउँ परिषदबाट स्वीकृत भएको हुनुपर्ने ।

**पुष्ट्याईका आधार र सूचनाको श्रोत**

- गाउँ परिषद् बैठकको निर्णय पुस्तिका (Minute)
- वार्षिक गाउँ विकास योजना र बजेट विनियोजन

### *(२) गा.वि.स. बाट गत आ.व.मा संचालित कार्यक्रम तथा आयोजनाहरुको वार्षिक समीक्षा गरेको हुनुपर्ने ।*

**सूचकको व्याख्या**

नेपाल सरकारको प्रचलित नीति बमोजिम गाउँ विकास समितिले संचालन गरेको कार्यक्रम तथा आयोजनाहरुको वार्षिक प्रगति समीक्षा गरेको हुनुपर्ने ।

**पुष्ट्याईको आधार र सूचनाको श्रोत**

- वार्षिक समीक्षा गोष्ठीको बैठकको उपस्थिति र निर्णय (Minute) ।
- वार्षिक समीक्षा गोष्ठीको प्रतिवेदन वा पुस्तक ।

*(नोटः यो सूचक आ.व. ०६५।६६ को न्यूनतम् शर्त मापन गर्दा लागू हुनेछ । )*

### *(३) गाँउ विकास समितिले गत आ.व. मा गा.वि.स अनुदान (पूँजीगत) को कम्तिमा ९० % रकम निकासा लिएको हुनुपर्ने ।*

**सूचकको व्याख्या**

नेपाल सरकारले गा.वि.स लाई प्रत्येक वर्ष उपलब्ध गराउने गा.वि.स निशर्त गाविस अनुदान ( पूँजीगत) को ९० % रकम निकासा लिएको हुनुपर्ने ।

***स्पष्टीकरणः*** गा.वि.स.ले प्रक्रिया पुऱ्याई जि.वि.स. मार्फत कोष तथा लेखा नियन्त्रक कार्यालयमा निकासा माग गरेको तर नेपाल सरकारले कुनै किस्ता रकम रोक्का गरी रकम उपलब्ध गराउन नसकेको कारण सो वर्षको आषाढ मसान्तसम्म कोष तथा लेखा नियन्त्रक कार्यालयले निकासा दिन नसकेको रहेछ भने सो रकमलाई कटाई बाँकी रकमलाई ९० % रकम मानिनेछ ।

**पुष्ट्याईको आधार र सूचनाको श्रोत**

- गा.वि.स.को वार्षिक कार्यक्रम तथा बजेट
- गाविसको बैंक नगदी किताब ।

### *(४) केन्द्रवाट गाविसमा प्राप्त पुँजीगत अनुदान रकममध्येबाट गाविस अनुदान संचालन कार्यविधिले तोके वमोजिमको न्यूनतम् रकम लक्षित वर्गलाई विनियोजन गरेको हुनुपर्ने ।*

**सूचकको व्याख्या**

गाविसले आफुलाई प्राप्त गाविस अनुदानको पूँजीगत तर्फको रकममध्येबाट प्रचलित गाविस अनुदान संचालन कार्यविधि बमोजिम लक्षित वर्ग (**महिला, बालबालिका, अशक्त/अपाङ्ग, दलित, आदिवासी/जनजाति, मधेशी, मुश्लिम, जेष्ठ नागरिक, युवा तथा खेलकुद आदि** ) लाई विनियोजन गरेको हुनुपर्ने ।

**पुष्ट्याईको आधार र सूचनाको श्रोत**

- गाविसको गाउँ विकास योजना पुस्तिका ।
- गाउँ परिषदको निर्णय पुस्तिका ।
- गाविस बैठकको निर्णय पुस्तिका ।

*(नोटः यो सूचक आ.व. २०६६/६७ को न्यूनतम शर्त मापन गर्दा लागू हुनेछ । )*

### *(५) गाविसले गत आ.व.को आय, व्ययको विवरण सार्वजनिक गरेको हुनु पर्ने ।*

**सूचकको व्याख्या**

स्थानीय स्वायत्त स्वायत्त शासन ऐन,२०५५ को दफा ६१(५) बमोजिम गाविसले गत आ.व को आफ्नो आम्दानी तथा खर्चको विवरण सार्वजनिक गरेको हुनुपर्ने ।

**पुष्ट्याईको आधार र सूचनाको श्रोत**

- सार्वजनिक गरेको सूचनाको पत्र वा प्रमाण ।
- गाउँ परिषदको बैठकको माईन्यूट ।

*(नोटः यो सूचक आ.व. २०६५/६६ को न्यूनतम शर्त मापन गर्दा लागू हुनेछ । )*

### *(६) गाविसले गत भन्दा अघिल्लो आर्थिक वर्षको आर्थिक कारोबारहरुको अन्तिम लेखा परीक्षण गराएको हुनुपर्ने ।*

(तर जिल्ला विकास समितिले अन्तिम लेखापरिक्षण गर्न लेखापरीक्षक नखटाएको भएमा यो सूचक लागूहुने छैन ।)

**सूचकको व्याख्या**

गाविसले स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ६९ बमोजिम आफ्नो सम्पूर्ण आर्थिक कारोबारहरुको जिविसले स्वीकृत गरेको लेखा परीक्षकबाट अन्तिम लेखा परीक्षण गराएको हुनुपर्ने ।

**पुष्ट्याईको आधार र सूचनाको श्रोत**

- जिविसबाट अन्तिम लेखा परीक्षण गर्न खटाएको पत्र ।
- अन्तिम लेखा परीक्षण प्रतिवेदन ।

## *(७) गाँउ विकास समितिले आफनो आन्तरिक आयको अभिलेख तथा विवरण तयार गरेको हुनुपर्ने ।*

**सूचकको व्याख्या**

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ६० वमोजिम गाँउ विकास समितिले केन्द्र तथा जिविसवाट प्राप्त अनुदानको अभिलेखको साथसाथै आफ्नो आन्तरिक श्रोतवाट प्राप्त आम्दानी (कर, दस्तुर, शुल्क, महसुल, मालपोत आदि) को अभिलेख राखेको हुनुपर्ने ।

**पुष्ट्याईको आधार र सूचनाको श्रोत**

- कुन कुन श्रोतवाट के कति आन्तरिक कर, दस्तुर, शुल्क, महसुल उठेको हो सो सम्वन्धि अभिलेख
- नगदी रसिद
- राजश्व दाखिलाको विवरण

*(नोटः यो सूचक आ.व. २०६५/६६ को न्यूनतम् शर्त मापन गर्दा लागू हुनेछ । )*

## *(८) गाविसले आफ्नो चल, अचल तथा जिन्सी सम्पत्तिको लगत तयार गरेको हुनुपर्ने ।*

**सूचकको व्याख्या**

गाविसले स्थानीय स्वायत्त शासन २०५५ को दफा ३२ को खण्ड (छ) र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २१३ बमोजिम आफ्नो चल, अचल (जग्गा ,जमिन, भवन तथा सार्वजनिक सम्पत्ति आदि) तथा जिन्सी सम्पत्तिहरुको लगत राखेको हुनुपर्ने ।

**पुष्ट्याईको आधार र सूचनाको श्रोत**

- गाविसको खर्च हुने र नहुने जिन्सी खाता ।
- गाविसको नाममा रहेको जग्गाको जग्गा धनी दर्ता प्रमाण पुर्जा ।
- सम्पत्ति विवरण सम्बन्धी अन्य अभिलेख ।

*(नोटः यो सूचक आ.व. २०६६/६७ को न्यूनतम् शर्त मापन गर्दा लागु हुनेछ । )*

## *(९) गाविसले प्रत्येक आ.व.मा सामाजिक सुरक्षा वापतको भत्ता पाउने व्यक्तिहरुको विवरण अद्यावधिक गरेको हुनुपर्ने ।*

**सूचकको व्याख्या**

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६५ बमोजिम गा.वि.स.का सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको अधावधिकं विवरण तयार पारेको हुनु पर्ने ।

**पुष्ट्याईको आधार र सूचनाको श्रोत**

- सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विवरण खुलेको अभिलेख ।
- सामाजिक सुरक्षा भत्ता वितरण गरेका भर्पाईहरु ।
- मृत्यु र बसाईसराईको लगत कट्टाको अभिलेख ।

### *(१०) व्यक्तिगत घट्नादर्ताको अभिलेख राखेको र सो को प्रतिवेदन सम्वन्धित जिल्ला विकास समितिको कार्यालयमा पेश गरेको हुनु पर्ने ।*

**सूचकको व्याख्या**

व्यक्तिगत घट्ना दर्ता ऐन, २०३३ ( संसोधन) वमोजिम गाँउ विकास समितिले जन्म, मृत्य, विवाह, वसाई सराई तथा सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ताको मासिक विवरण जिल्ला विकास समितिको कार्यालयमा पठाउनुपर्ने ।

**पुष्ट्याईको आधार र सूचनाको श्रोत**

- स्थानीय पन्जिकाधिकारीको कार्यालयमा राखिएको व्यक्तिगत घटनाको अभिलेख (दर्ता किताव) ।
- व्यक्तिगत घटना दर्ताको मासिक विवरण जिविसको कार्यालयमा पठाएको पत्र तथा चलानी किताव ।

### *(११) आफ्नो गाविसको वस्तुस्थिति विवरण (**Village Profile**) बनाएको हुनुपर्ने ।*

**सूचकको व्याख्या**

गाविसले विभिन्न क्षेत्रको तथ्याङ्क संकलन गरी गाउँको वस्तुगत स्थिति देखिने विवरण (Village Profile) तयार गरेको हुनु पर्ने । यस्तो विवरण स्थानीय विकास मन्त्रालयले स्वीकृत गरको ढाँचा, २०६५ वमोजिम हुनु पर्नेछ । गाविसले जिविस सूचना शाखामा अनिवार्यरुपमा सो प्रोफाईल पठाएको हुनु पर्नेछ ।

**पुष्ट्याईको आधार र सूचनाको श्रोत**

- गाविसको वस्तुस्थिति विवरण (Village Profile) पुस्तिका ।

*(नोटः यो सूचक आ.व. २०६६।६७ को न्यूनतम् शर्त मापन गर्दा लागू हुनेछ । )*

# खण्ड - ५

# न्यूनतम् शर्त तथा गुणस्तरीयता मापन विधि

## ५.१ न्यूनतम् शर्त मापन कार्यको व्यवस्थापन र जिम्मेवारी

गाविसहरुको न्यूनतम्  शर्त मापन गर्ने कार्यको जिम्मेवारी स्थानीय निकाय वित्तीय आयोगको सामान्य निर्देशनमा रही जिल्ला विकास समितिहरुमा रहनेछ । हरेक आर्थिक वर्षमा प्रत्येक गाउँ विकास समितिको न्यूनतम्  शर्त मापन कार्यको लागि आवश्यक पर्ने रकम स्थानीय निकाय वित्तीय आयोगको सचिवालयले सम्वन्धित जिल्ला विकास समितिलाई उपलव्ध गराउनेछ ।

## ५.२ मापन कार्यको प्रतिबेदन व्यवस्था

जिल्ला विकास समितिहरुले सम्पादन गरेको गाउँ विकास समितिहरुको न्यूनतम्  शर्त मापन कार्यको प्रतिवेदन अनुसूची-२ को ढाँचामा प्रत्येक आर्थिक वर्षको चैत्र मसान्तभित्र स्थानीय निकाय वित्तीय आयोगको सचिवालयमा उपलव्ध गराउनु पर्नेछ । तर पहिलो वर्षको हकमा २०६६ आषाढ २० गते भित्र पठाइ सक्नु पर्ने छ । यसरी प्राप्त भएको मूल्याङ्कन प्रतिवेदनलाई स्थानीय निकाय वित्तीय आयोगको सचिवालयले गाउँ विकास समितिलाई प्रदान गरिने निशर्त पूँजीगत अनुदान तथा दाताहरुवाट उपलव्ध हुने अनुदान थप घट गर्न गाविसहरुको सूची सहित स्थानीय विकास मन्त्रालयलाई सिफारिश गर्नेछ ।

## ५.३ मूल्याङ्कन गर्ने सूचनाको समयावधि

गाउँ विकास समितिहरुले अनिवार्य रुपमा पुरा गर्नुपने न्यूनतम शर्त सम्बन्धि कार्यको लेखाजोखा गर्नु अगाडि सबै गाउँ विकास समितिहरुलाई कुन-कुन सूचकको कसरी लेखाजोखा गरिदैंछ र त्यसबाट उनीहरुलाई के कस्तो किसिमको असर पर्न सक्दछ भन्ने कुराको पर्याप्त जानकारी, प्रचार प्रसार र अभिमुखीकरण गर्ने कार्य सम्वन्धित जिल्ला विकास समितिले गर्ने छ । यसैगरी गाउँ विकास समितिहरुले आफूले पुरा गर्नुपर्ने कार्य पूरा नगर्दा नेपाल सरकार र दातृ निकायबाट प्राप्त हुने अनुदानमा के कस्तो किसिमको असर पर्दछ भन्ने कुराको विस्तृत जानकारी, भेला, गोष्ठी एवं संचार माध्यम आदिबाट स्थानीय जनप्रतिनिधि, सरोकारवाला र स्थानीय जनतालाई गराउनु पर्ने छ । यसबाट गाउँ विकास समितिको क्रियाकलापमा पारदर्शिताको स्तरमा सुधार आई गाउँ विकास समितिका कार्यहरुमा स्थानीय सहभागिता बृद्धि भै गाउँ विकास समिति बढी जिम्मेवार र उत्तरदायी हुने कुरामा विश्वास गरिएको छ ।

## ५.४ न्यूनतम् शर्त मापन सम्बन्धी विधिहरु

न्यूनतम् शर्त मूल्याङ्कनको परिणामले गाउँ विकास समितिहरुले प्राप्त गर्ने अनुदानमा प्रत्यक्ष प्रभाव पार्ने भएकोले यो कार्य सम्बन्धित पक्षहरुवाट अत्यन्तै सजगतापूर्वक र संवेदनशील ढंगले सम्पादन गरिनु पर्दछ । न्यूनतम्  शर्त मूल्याङ्कन कार्यको लागि गाउँ विकास समितिहरु तथा अन्य सम्वद्ध पक्षहरुलाई वित्तिय आयोग तथा सम्बन्धित जिल्ला विकास समितिले निम्न वमोजिम कार्य गर्नेछन् :-

- गाउँ विकास समितिका पदाधिकारी तथा कर्मचारीहरुलाई न्यूनतम्  शर्त मापनको अवधारणा, उद्देश्य, सूचकहरु, मापनका विधि र यसबाट अनुदान व्यवस्थामा पर्ने प्रत्यक्ष तथा अप्रत्यक्ष असरहरुबारे अग्रिम जानकारी तथा अभिमुखीकरण गराउने ।

- गाउँ विकास समितिहरुलाई न्यूनतम्  शर्त मापनका सूचकहरू, सूचकको व्याख्या, पुष्ट्याइँका आधारहरु, सूचनाको स्रोत आदिको अभिलेख तयार गर्न समय दिने उद्देश्यले मूल्यांकन गर्ने मूल्यांकनकर्ता पुग्नुभन्दा कम्तीमा ७ दिन अगावै सोको जानकारी गराउने र सो क्रममा मूल्यांकनको लागि तयार गरिएको कार्यविधि समेत उपलब्ध गराउने ।

- मूल्याङ्कनमा लागि लेखाजोखा कार्य पूर्वाग्रहरहित हुनेकुराको सुनिश्चित गर्न तटस्थ, स्वतन्त्र र दक्ष मूल्यांकनकर्ता छनौट गर्नु पर्ने ।

- मूल्यांकनकर्ता छनौट अत्यन्तै पारदर्शी तरिकाबाट जिल्ला विकास समितिले गर्नेछ । मूल्याङ्कनको लागि छनौट भएका मूल्यांकनकर्तालाई सम्वन्धित जिल्ला विकास समितिले अनिवार्य रूपमा सूचक तथा लेखाजोखाको विस्तृत प्रक्रियासम्बन्धी तालिम दिनु पर्ने ।

- मूल्यांकन गर्ने मूल्यांकनकर्तालाई अध्ययनको समयमा सम्वन्धित जिल्ला विकास समिति तथा गाउँ विकास समितिले आवश्यक सहयोग उपलब्ध गराउनुपर्ने छ ।

- अध्ययन सम्पन्न भएपछि सोको नतिजा विश्लेषणको प्रारम्भिक प्रतिवेदन सम्बन्धित गाउँ विकास समितिलाई उपलव्ध गराउनु पर्नेछ । जिल्ला विकास समितिले सबै गाविसको प्रतिवेदन तुलनात्मक अध्ययन गरी सार्वजनिक गर्नेछ ।

- यस कार्यविधिमा उल्लेख गरिएका सूचकका आधारमा मात्र गाउँ विकास समितिका कार्यको लेखाजोखा गर्नु पदर्छ । भिन्दा-भिन्दै तरिकाले सूचकहरूको व्याख्या गरिनु हुँदैन र कुनै सूचकको स्पष्टता आवश्यक भएमा सम्बन्धित जिल्ला विकास समिति तथा स्थानीय निकाय वित्तीय आयोगको सचिवालयबाट स्पष्ट गरिनेछ ।

- गाउँ विकास समितिहरुलाई मूल्यांकनको परिणाम चित्त नबुझेको अवस्थामा स्थानीय विकास अधिकारी समक्ष पुनरावेदन दिन सक्ने छन् । सो पुनरावेदनलाई स्थानीय विकास अधिकारीले सुपरिवेक्षण समितिबाट छलफल गराई यथाशिघ्र निकासा दिनेछन् ।

- स्थानीय निकाय वित्तीय आयोगको सचिवालयले जिविसको MCPM Focal Person तथा अन्य कर्मचारीहरुलाई क्षेत्रीय वा जिल्लास्तरमा आवश्यक अभिमुखीकरण गोष्ठी संचालन गर्नेछ ।

- मूल्याङ्कनकर्ताको रुपमा नियूक्ति भएका व्यक्ति र गाविस सचिवहरुलाई संयुक्तरुपमा एक दिने अभिमुखिकरण गोष्ठी जिविसको कार्यालयले आयोजना गर्नेछ ।

- जिविसले सबै गाविसको न्यूनतम्  शर्तको परिणामलाई विश्लेषण गरी अभिलेखको रुपमा अनिवार्यरुपले जिविसको सूचना शाखामा राख्नुको अलावा स्थानीय निकाय वित्तीय आयोगको सचिवालयमा पठाउनु पर्नेछ ।

- जिविसले गाविसहरुको न्यूनतम् शर्तको मूल्याङ्कन कार्यको सुपरिवेक्षण र अनुगमनको व्यवस्था मिलाई गुणस्तरियता कायम गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

- स्थानीय निकाय वित्तीय आयोगको सचिवालय र स्थानीय विकास मन्त्रालयले जिविसहरुलाई गाविसहरुको न्यूनतम् शर्त मूल्याङ्कन कार्य संचालयन गर्न आवश्यक सहयोग र सुपरीवेक्षण तथा अनुगमन गर्नेछ ।

## ५.५ न्यूनतम् शर्त मापन लेखाजोखा कार्यको व्यवस्थापन

### ५.५.१ मूल्याङ्ककर्ताको योग्यता र अनुभव

- मान्यता प्राप्त विश्वविद्यालयवाट स्नातक उपाधि हासिल गरी ग्रामीण/सामुदायिक विकास वा सामाजिक परिचालन, स्थानीय निकाय वा लेखापरिक्षण कार्यको १ वर्षको अनुभव हांसिल गरेको,

**वा**

- मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि हासिल गरी नेपाल सरकारको निजामति सेवा वा स्थानीय निकायको सेवामा अधिकृतस्तरको पदमा काम गरेको व्यक्ति ।

### ५.५.२ मूल्याङ्कनकर्ता छनौट समिति

गाउँ विकास समितिहरुको न्यूनतम् शर्त मापन गर्ने प्रयोजनका लागि देहाय वमोजिमको मूल्याङ्कनकर्ता छनौट समिति रहनेछ ।

| क्र. सं. | पद | संस्था / कार्यालय | जिम्मेवारी |
|---|---|---|---|
| १ | स्थानीय विकास अधिकारी | जिल्ला विकास समितिको कार्यालय | संयोजक |
| २ | अधिकृत प्रतिनिधि | जिल्ला प्राविधिक कार्यालय | सदस्य |
| ३ | अधिकृत प्रतिनिधि | को.ले.नि.का. | सदस्य |
| ४ | अधिकृत प्रतिनिधि | स्थानीय विकास अधिकारीले तोकेको जिल्लास्थित सरकारी कार्यालयको अधिकृत | सदस्य |
| ५ | योजना अनुगमन तथा प्रशासकीय अधिकृत | जिविसको कार्यालय | सदस्य-सचिव |

*नोट :*

*१) योजना अनुगमन तथा प्रशासकीय अधिकृत नभएको अवस्थामा स्था.वि.अ.ले तोकेको जिल्ला विकास समितिको कार्यालयको अधिकृत सदस्य-सचिव रहनेछ ।*

*२) मूल्याङ्कनकर्ता छनौट समितिका संयोजक तथा सदस्यहरु मूल्यांकनकर्ताको रुपमा खटिइ जान सक्ने छैनन् ।*

### ५.५.३ मूल्याङ्कनकर्ता छनौट समितिको कार्य देहाय बमोजिम हुनेछ :

- यो समितिले वुंदा नं ५.५.१ बमोजिम योग्यता र अनुभव भएका व्यक्तिहरुमध्येवाट मूल्यांकनकर्ता छनौट गरी गाविसको न्यूनतम् शर्त मापनकार्यमा खटाउनेछ । यो समितिले मूल्यांकनकर्ता छनौटका थप आधारहरु आफै निर्धारण गर्नेछ ।

- यो समितिले भौगोलिक अवस्थितिको आधारमा ३ देखि ५ वटा गाविसको एउटा समुह (Cluster) वनाउनेछ । साथै न्यूनतम् शर्त मापनकार्य गर्न एउटा समुहमा एकजनामात्र मूल्यांकनकर्ता खटाउनु पर्नेछ ।

### ५.६ मूल्याङ्कनकर्ताको काम, कर्तव्य र अधिकार :

- मूल्यांकनकर्ता पुगेपछि सर्वप्रथम स्थानीय निकायका सम्बन्धित कर्मचारी र राजनीतिक नेतृत्व समेतको वैठक बसाली सूचकको व्याख्या र आवश्यक पर्ने कागजात कोसँग कसरी र कहिलेसम्ममा प्राप्त गर्ने भनी प्रष्ट जानकारी लिनु पर्नेछ ।

- मूल्यांकनकर्ताले मापनका लागि आवश्यक सूचनाहरु सम्बन्धित शाखा/उपशाखा/ इकाईका कर्मचारीवाट संकलन गर्नु पर्नेछ ।

- मूल्यांकनकर्ताले संकलित कागजात जाँचबुझ गरी गाविस सचिवबाट प्रमाणित गराई लिनु पर्नेछ

- मूल्यांकनकर्ताले आवश्यकता अनुसार केही सूचकको स्थलगत अध्ययन गर्न वा सरोकारवालासंग छलफल गर्न सक्नेछ ।

- मूल्यांकनकर्ताले गाविसको न्यूनतम् शर्त मापन कार्य सम्पन्न गरिसकेपछि गाविस सचिव, गाविसका अन्य कर्मचारीहरु तथा स्थानीय राजनीतिक दलका प्रतिनिधिहरु समक्ष न्यूनतम् शर्त मापनको प्रारम्भिक परिणामबारे जानकारी गराउनु पर्नेछ र यस छलफलको माइन्यूटको प्रतिलिपीसगै लिएर आउनु पर्नेछ ।

- मूल्यांकनकर्ताले न्यूनतम् शर्त मापन कार्यको प्रारम्भिक प्रतिवेदनमा गा.वि.स.को तर्फबाट गाविस सचिवको दस्तखत गराई सो फाराम समेत लिएर आउनु पर्नेछ ।

- मूल्याङ्कनकर्ताको गुणस्तरीयता मापनकालागि स्थानीय निकाय वित्तीय आयोगको सचिवालयले सबै विकास क्षेत्रको प्रतिनिधित्व हुने गरी केही गाविसहरुको छनौट गरी न्यूनतम् शर्तको मापन गर्न सक्नेछ । यसरी पूनः मापन गर्दा परिणाममा ठूलो अन्तर आएमा पहिले भएको मापन कार्य बदर समेत गर्न सक्नेछ ।

## ५.७ सुपरिवेक्षण समिति

गाउँ विकास समितिहरुको न्यूनतम् शर्त मापन कार्यको सुपरीवेक्षण, समन्वय तथा सहजीकरण गर्ने प्रयोजनको लागि निम्न अनुसारको सुपरीवेक्षण समिति रहनेछ ।

| क्र. सं. | पद | संस्था / कार्यालय | जिम्मेवारी |
|---|---|---|---|
| १ | सभापति | जिल्ला विकास समिति | संयोजक |
| २ | स्थानीय विकास अधिकारी | जिल्ला विकास समितिको कार्यालय | सदस्य |
| ३ | प्रतिनिधि | गा.वि.स. महासंघ | सदस्य |
| ५ | जिल्ला विकास समितिको MCPM सर्म्पक व्यक्ति | जिल्ला विकास समितिको कार्यालय | सदस्य-सचिव |

**सुपरिवेक्षण समितिको कार्य देहाय बमोजिम हुनेछ :**

- यो समितिले मूल्यांकनकर्ता सम्वन्धित गाविसमा पुगी न्यूनतम् शर्तको मापनको कार्य गरे नगरेको सुपरीवेक्षण तथा अनुगमन गर्नेछ ।
- यो समितिले गाउँ विकास समितिको न्यूनतम् शर्तको मापनका बारेमा आवश्यक समन्वय तथा सहजीकरण गर्नेछ ।
- यो समितिले कुनै गाविसको न्यूनतम् शर्त मापन कार्यमा कुनै विवाद,समस्या आएमा सोको समाधान गर्नेछ ।
- यो समितिले स्थानीय विकास मन्त्रालय र स्थानीय निकाय वित्तीय आयोगको सचिवालयले तोकेका अन्य कार्य गर्नेछ ।

## ५.८ मूल्याङ्कनको नतीजा उपर पुनरावलोकन सम्वन्धी व्यवस्था

मूल्यांकनकर्ताले न्यूनतम् शर्त मापनको प्रतिवेदन अनुसूची-१ को ढाँचामा सम्बन्धित जिल्ला विकास समितिको कार्यालयमा बुझाउनु पर्नेछ । कुनै गाउँ विकास समितिले मूल्यांकनकर्ताको नतिजा उपर चित्त नबुझेमा जिल्ला विकास समितिको कार्यालयमा अन्तिम प्रतिवेदन प्राप्त भएको ७ दिनभित्र पुष्ट्याइँ ( सबुत/प्रमाण) सहित स्थानीय विकास अधिकारी समक्ष पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ । स्थानीय विकास अधिकारीले यस्तो निवेदन उपर देहाय बमोजिम छानविन गरी अन्तिम निर्णय दिनेछ ।

- मूल्यांकनकर्तासँग निवेदनमा उल्लेख भएका बूँदाहरुको वारेमा थप पुष्ट्याई माग गर्ने ।
- सो पुष्ट्याई सन्तोषजनक नदेखिएमा पुन अर्को मूल्यांकनकर्ता छनौट गरी पठाउने वा सुपरीवेक्षण समितिको कुनै सदस्यलाई पुनरावलोकनको लागि खटाउने ।
- यसरी पुनः मूल्यांकन गर्दा गाविसले पुनरावलोकनका लागि दिएको निवेदन सही ठहरेमा पहिलो मूल्यांकनकर्ताको परिणाम रद्ध गरी पछिल्लो परिणामलाई मान्यता दिई यसको जानकारी सम्वन्धित गाविसलाई गराउनु पर्नेछ । पुनरावलोकन गर्दा पहिले गरेको मूल्याङ्कनमा लापरवाही वा गम्भीर त्रुटि देखिएमा त्यसरी मूल्याङ्कन गर्ने मूल्याङ्कनकर्तालाई यस कार्यको लागि पहिले कुनै पेश्की वा भुक्तानी उपलव्ध गराएकोमा सो रकम असुल उपर गरी निजलाई सचेत गराइनेछ ।

## ५.९ स्थानीय विकास मन्त्रालय र स्थानीय निकाय वित्तीय आयोगको सचिवालयबाट पुनरावलोकन गरिने

प्रत्येक वर्ष जिल्ला विकास समितिको न्यूनतम्  शर्त र कार्य सम्पादन मापन गर्न खटिइ जाने टोलीले प्रत्येक जिल्लाको कम्तिमा ३ वटा गाविसको समेत Sampling को रुपमा छनौट गरी मूल्याङ्कन गर्नुपर्ने छ । यस सम्बन्धमा कार्यविधिमा उल्लेख भए बमोजिम मूल्याङ्कन भए नभएको बारेमा आफ्नो प्रष्ट धारणा सहितको प्रतिवेदन वित्तीय आयोगको सचिवालयमा बुझाउनु पर्नेछ । प्रस्तुत विषयमा स्थानीय विकास मन्त्रालय र स्थानीय निकाय वित्तीय आयोगको सचिवालयबाट पुनरावलोकन र आवश्यक मार्गदर्शन प्रदान गरिनेछ ।

## ५.१० मूल्याङ्कन खर्चको व्यवस्था

प्रत्येक वर्ष सबै गाविसहरुको न्यूनतम् शर्तको मापन कार्य संचालन गर्न आवश्यक पर्ने बजेट स्थानीय विकास मन्त्रालय (LGCDP) ले स्थानीय निकाय वित्तीय आयोगको सचिवालय मार्फत सबै जिविसहरुलाई उपलब्ध गराउनेछ । न्यूनतम् शर्त मापन कार्यको व्यवस्थापन गर्न लाग्ने खर्चको नर्मस निम्नानुसार हुनेछ ।

| सि.नं. | कृयाकलाप | इकाइ | खर्च | कैफियत |
|---|---|---|---|---|
| १ | मूल्याङ्कनको कार्य (बीज्ञको पारिश्रमिक) | प्रति गा.वि.स | रु.३,५००।- | एकमुष्ट |
| २ | गाविसमा जाँदा सार्वजनिक यातायातका सवारी साधन प्रयोग भएकोमा | | वास्तविक खर्च बमोजिम रकम | |
| ३ | गाविसमा जाँदा पैदल हिड्नु पर्ने भएमा | प्रतिदिन ८ कोषका दरले | रु.५,००।- | पैदल भ्रमण गर्दा प्रतिकोष भ्रमण खर्च दिइने छैन । |
| ४ | प्रतिवेदन लेखन | प्रति गा.वि.स | रु.५,००।- | |
| ५ | विविध खर्च | प्रति समूह (Cluster) | रु. १,०००।- | |

## ५.११ न्यूनतम् शर्त मापन र पुँजीगत अनुदान

न्यूनतम्  शर्त पूरा गर्ने गाविसले नेपाल सरकारबाट उपलब्ध गराउने न्यूनतम्  अनुदानको अलावा अन्य थप अनुदान प्राप्त गर्न सक्ने छन् । न्यूनतम् शर्तको सूचकहरु मध्य तोकिएको संख्याका शर्त पूरा नभएमा नेपाल सरकारले उपलब्ध गराउने न्यूनतम्  पूँजीगत र चालु खर्च अनुदान बाहेक अन्य अनुदान प्राप्त गर्न सक्ने छैनन् । स्थानीय विकास मन्त्रालयद्धारा संचालित  स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमबाट उपलब्ध गराउने थप अनुदान समेत न्यूनतम्  शर्त पूरा गर्ने गाविसहरुलाई मात्र उपलब्ध गराईनेछ ।

## ५.१२ निर्देशिका बमोजिम हुने :

यसमा लेखीएको कुरा यसै बमोजिम र यसमा नलेखिएको कुरा प्रचलित ऐन तथा नियम बमोजिम हुनेछ ।

## ५.१३ बाधा अड्काउ फुकाउने अधिकार :

यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै वाधा अड्काउ परेमा सो सम्बन्धमा आवश्यक व्याख्या गर्ने र निर्देशन दिने अधिकार स्थानीय निकाय वित्तीय आयोगको सचिवालयमा निहित रहनेछ ।

अनुसूची - १

## प्रतिवेदन ढाँचाको नमूना

### न्यूनतम्  शर्त मापनको

### अध्ययन प्रतिबेदन

........................गा.वि.स

जिल्ला........................

प्रस्तुत

जिविसको कार्यालयको नाम

प्रस्तुतकर्ता

मूल्याङ्कनकर्ताको नाम र ठेगाना लेख्नु होस

# गाविसको न्यूनतम्  शर्त मापन

## अध्ययन प्रतिवेदन

........................गाविस

जिल्ला.....................

## भूमिका

यसमा अध्ययनको उद्देश्य, प्रभाव, आफ्नो अनुभव, कार्यतालिका आदि उल्लेख गर्नु पर्छ । अध्ययनका क्रममा गाविसमा रहदा सहयोग गरेका ब्यक्तिहरुलाई तपाईको तर्फबाट धन्यबाद समेत व्यक्त गर्न सक्नुहुनेछ ।

## १. गाविसको सँक्षिप्त परिचयः

- कर्मचारी बिबरण
- मुख्य-मुख्य कार्यक्रमहरु
- आयका श्रोतहरु
- गाविसले लागू गरेका मुख्य कार्यक्रम र उपलब्धि
- गाविसले प्राप्त गरेका समष्टिगत उपलब्धि
- गाविसको संस्थागत समस्याहरु

यी माथिका बिबरणहरु कम्तिमा ३/४ पृष्ठमा लेख्नुपर्नेछ ।

## २. मुख्य प्रतिवेदन

## २.१ परिचय

गाविसको न्युनतम शर्तका सूचकहरु देहायबमोजिम निर्धारण गरिएको छ । उक्त सूचकहरु मूल्याङ्कन गर्दा पुरा भएका र पुरा हुन नसकेका सूचकहरु उल्लेख गर्नु पर्ने छ । पुरा नभएका सूचकको सम्बन्धमा त्यसको कारण र जिम्मेवार पदाधिकारीको नाम समेत उल्लेख गर्नु पर्नेछ ।

## न्यूनतम्  शर्तका सूचकहरु

१) गत आर्थिक वर्षको वार्षिक योजना, कार्यक्रम तथा बजेट गाउँ परिषद्बाट स्वीकृत भएको हुनुपर्ने ।

२) गा.वि.स. बाट गत आ.व.मा संचालित कार्यक्रम तथा आयोजनाहरुको वार्षिक समीक्षा गरेको *हुनुपर्ने ।*
*(नोटः यो सूचक आ.व. २०६५।६६ को न्यूनतम्  शर्त मापन गर्दा लागू हुनेछ । )*

३) गाँउ विकास समितिले गत आ.व. मा गा.वि.स अनुदान (पूँजीगत) को कम्तिमा ९० % रकम निकासा लिएको हुनुपर्ने ।

४) केन्द्रवाट गाविसमा प्राप्त पुंजीगत अनुदान रकममध्येबाट गाविस अनुदान संचालन कार्यविधिले तोके वमोजिमको न्यूनतम रकम  लक्षित वर्गलाई विनियोजन गरेको हुनुपर्ने ।

*(नोटः यो सूचक आ.व. २०६६/६७ को न्यूनतम्  शर्त मापन गर्दा लागू हुनेछ । )*

५) गाविसले गत आ.व.को आय, व्ययको  विवरण सार्वजनिक गरेको हुनु पर्ने ।
*(नोटः यो सूचक आ.व. २०६५/६६ को न्यूनतम्  शर्त मापन गर्दा लागू हुनेछ । )*

६) गाविसले गत भन्दा अघिल्लो आर्थिक वर्षको आर्थिक कारोबारहरुको अन्तिम लेखा परीक्षण गराएको हुनु पर्ने ।

७) गाँउ विकास समितिले आफनो आन्तरिक आयको अभिलेख तथा विवरण तयार गरेको हुनुपर्ने ।
*(नोटः यो सूचक आ.व. २०६५/६६ को न्यूनतम्  शर्त मापन गर्दा लागू हुनेछ । )*

८) गाविसले आफ्नो चल, अचल तथा जिन्सी सम्पत्तिको लगत तयार गरेको हुनुपर्ने ।
*(नोटः यो सूचक आ.व. २०६६/६७ को न्यूनतम्  शर्त मापन गर्दा लागू हुनेछ । )*

९) गाविसले प्रत्येक आ.व.मा सामाजिक सुरक्षा वापतको भत्ता पाउने व्यक्तिहरुको विवरण अद्यावधिक गरेको हुनुपर्ने ।

१०) व्यक्तिगत घट्ना दर्ताको अभिलेख राखेको र सो को प्रतिवेदन सम्वन्धित जिल्ला विकास समितिमा पेश गरेको हन पर्ने ।

११) गाविसले आफ्नो गाविसको वस्तुस्थिति विवरण (Village Profile) बनाएको हुनुपर्ने ।
*(नोटः यो सूचक आ.व. २०६६/६७ को न्यूनतम्  शर्त मापन गर्दा लागू हुनेछ । )*

# मूल्याङ्कनकर्ताले पेश गर्नुपर्ने न्यूनतम् शर्तका सूचकहरुको मूल्याङ्कन तथा विश्लेषण फाराम

**गाँउ विकास समितिको नाम :**

| सि.नं | सूचकहरु | पुरा भएको | पुरा नभएको | पुष्ट्याईको आधार/पुरा नहुनाका कारणहरु |
|---|---|---|---|---|
| १ | गत आर्थिक वर्षको वार्षिक योजना, कार्यक्रम तथा बजेट गाउँ परिषद्बाट स्वीकृत भएको हुनुपर्ने । | | | |
| *२ | गा.वि.स. बाट गत आ.व.मा संचालित कार्यक्रम तथा आयोजनाहरुको वार्षिक समीक्षा गरेको *हुनुपर्ने ।* | | | |
| ३ | गाँउ विकास समितिले गत आ.व. मा गा.वि.स अनुदान (पूँजीगत) को कम्तिमा ९० % रकम निकासा लिएको हुनुपर्ने । | | | |
| **४ | केन्द्रवाट गाविसमा प्राप्त पुँजीगत अनुदान रकममध्येबाट गाविस अनुदान संचालन कार्यविधिले तोके वमोजिमको न्यूनतम रकम लक्षित वर्गलाई विनियोजन गरेको हुनुपर्ने । | | | |
| *५ | गाविसले गत आ.व.को आय, व्ययको विवरण सार्वजनिक गरेको हुनु पर्ने । | | | |
| ६ | गाविसले गत भन्दा अघिल्लो आर्थिक वर्षको आर्थिक कारोबारहरुको अन्तिम लेखा परीक्षण गराएको हुनु पर्ने । | | | |
| *७ | गाँउ विकास समितिले आफनो आन्तरिक आयको अभिलेख तथा विवरण तयार गरेको हुनुपर्ने । | | | |
| **८ | गाविसले आफ्नो चल, अचल तथा जिन्सी सम्पत्तिको लगत तयार गरेको हुनुपर्ने । | | | |
| ९ | गाविसले प्रत्येक आ.व.मा सामाजिक सुरक्षा वापतको भत्ता पाउने व्यक्तिहरुको विवरण अद्यावधिक गरेको हुनुपर्ने । | | | |
| १० | व्यक्तिगत घट्ना दर्ताको अभिलेख राखेको र सो को प्रतिवेदन सम्वन्धित जिल्ला विकास समितिमा पेश गरेको हन पर्ने । | | | |
| **११ | गाविसले आफ्नो गाविसको वस्तुस्थिति विवरण (Village Profile) बनाएको हुनुपर्ने । | | | |

* चिन्ह लागेका न्यूनतम् शर्तका सूचकहरु आ.व. ०६५/६६ र ** चिन्ह लागेका न्यूनतम् शर्तका सूचकहरु आ.व.०६६।६७ को न्यूनतम् शर्त मापन गर्दा लागु हुनेछ ।

......................................
मूल्यांकनकर्ताको दस्तखत

.......................................................
प्रमाणितकर्ता (गाविस सचिव) को दस्तखत

## २.३ सिफारिस

न्युनतम शर्तमा तपाईले प्राप्त गर्नु भएको तथ्य बमोजिम सिफारिश गर्नुहोस ।

## २.४ निष्कर्ष

मूल्याङ्कनकर्ताले प्राप्त गरेको तथ्य, सम्बन्धित गाविसमा भएको छलफल र अवलोकन, अध्ययन तथा प्राप्त तथ्याङ्को आधारमा निष्कर्ष लेख्नुपर्छ ।

**मूल्याङ्कनकर्ताले छनौटले देहायबमोजिमका कागजातहरु अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।**

१. गाविस भ्रमणको विवरण/समय तालिका
२. गाविसको आय व्यय
३. अभिमूखीकरण कार्यक्रममा उपस्थित सहभागिहरुको नामावली
४. गाविसका कर्मचारीको विवरण
५. पुष्ट्याईहरुको लागि कागजातहरुको फेहरिस्त
६. गाविसमा सर्वपक्षीय/सर्वदलीय रुपमा गरिएको बैठकको माइन्यूटको प्रतिलिपी एवं फोटो (गाविस कार्यालयको समेत)/न्यूनतम् शर्त मापन कार्य सम्पन्न पश्चात प्रारम्भिक परिणाम बारे सहजकर्तालाई जानकारी गराएको बैठकको माइन्यूट तथा प्रारम्भिक प्रतिवेदनमा सम्बन्धित गाविसको सचिवले प्रमाणित गरेको कागजात संगै लिएर आउनु पर्ने छ ।
७. अन्य आवश्यक कागजातहरु

अनुसूची - २

## जि.वि.स.ले प्रस्तुत गर्नुपर्ने
## प्रतिवेदन ढाँचाको नमूना

### न्यूनतम्  शर्त मापनको अध्ययन प्रतिवेदन
जिल्ला......................

<u>प्रस्तुत</u>

स्थानीय निकाय वित्तिय आयोगको सचिवालय

<u>प्रस्तुतकर्ता</u>

जि.वि.स.को कार्यालय

.........................जिल्ला

# जिल्ला विकास समितिले तयार गर्नु पर्ने प्रतिवेदन फाराम

## ...............जिल्ला विकास समितिको कार्यालय

| | | सूचकहरु | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं | गाविसको नाम | कार्यक्रम गाउँ परिषद्बाट स्वीकृती (सूचक १) | वार्षिक समीक्षा (सूचक २) | निकासा (सूचक ३) | लक्षित वर्गमा विनियोजन (सूचक ४) | आय-व्यय सार्वजनिक (सूचक ५) | अन्तिम ले.प (सूचक ६) | आन्तरिक आय अभिलेख (सूचक ७) | जिन्सी लगत ( सूचक ८) | भत्ताको विवरण (सूचक ९) | व्यक्तिगत घटना दर्ता अभिलेख (सूचक १०) | भिलेज प्रा्फाइल (सूचक ११) | उत्तिर्ण सूचक | अनुर्तिण सूचक |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

कूल गा.वि.स :
उत्तिर्ण गाविस :
अनुत्तिर्ण गाविसः

*नोट : मूलयाङ्कनकर्ताले जिल्ला विकास समितिमा पेश गरेको सूचकहरुको मूल्याङ्कन तथा विश्लेषण फारामको प्रतिलिपी समेत पेश गर्नु पर्ने छ ।*

..................... ................................ ......................................

तयार गर्ने चेक गर्ने प्रमाणित गर्ने

# मूल्याङ्कनकर्ताको व्यक्तिगत विवरण नमूना फारम

## १. मूल्याङ्कनकर्ताको  ब्यक्तिगत विबरण

| हालको अवस्था | | | |
|---|---|---|---|
| ब्यक्तिगत विबरण | नाम | जन्म मिति | |
| | शैक्षिक योग्यता | | |
| | ठेगाना | | |
| | टेलिफोन नंवर | मोवाइल नं : | इमेल : |

| हाल कार्यरत संस्था | | |
|---|---|---|
| | संस्थाको नाम | संस्थाको ठेगाना |
| | कार्यरत पद | टेलिफोन नं. |
| | फ्याक्स नं. | ईमेल |
| | हालको पदमा काम गरेको वर्ष | |
| | सम्पर्क अधिकृत | |

पेशागत अनुभवको विबरण :

| देखि | सम्म | जम्मा महिना | काम गरेको संस्था | कामको विबरण |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

शैक्षिक योग्यताको विबरण : S.L.C. देखि स्नातक सम्म

| शैक्षिक संस्थाको नाम | शैक्षिक योग्यता | प्रमाण-पत्र प्राप्त मिति | अवधि | मुख्य मुख्य विषयहरु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

तालीमको विबरण :

| तालीम दिने संस्थाको नाम | तालीमको नाम/प्रकार | तालीम लिएको बर्ष | अवधि |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |